# मरिण गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०७९-२०८४



मरिण गाउपालिकाको कार्यालय, कपिलाकोट, सिन्धुली

कार्यपालिकाबाट पारित मिति : २०७९/४/११

www.marinmun.gov.np

## विषयसूची


१. पृष्ठभूमि....1

२.अवस्था विश्लेषण....4

३. दीर्घकालीन सोच (**Vision**)....13

४. ध्येय (**Mission**)....13

५. लक्ष्य (**Goal**)....13

६. उद्देश्य (**Objectives**)....13

७. लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति (**GESI Policy**)....14

८. लैससास रणनीति (**GESI Strategy**)....15

९ . रणनैतिक क्रियाकलापहरु....19

१०. वित्त व्यवस्थापन....32

११. कानूनी व्यवस्था....32

१२. रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व....33

१३. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था....33

१४. संभाव्य जोखीम र न्यूनीकरणका उपायहरु....34

१५. निष्कर्ष....35

# १. पृष्ठभूमि

## १.१ पालिका परिचय

पूर्वमा कमलामाइ नगरपालीकाको सिमा क्षेत्र, पश्चिममा हरिहरपुरगढी गाउँपालिका, उत्तरमा काभ्रे जिल्ला र घ्याङलेख गाउँपालिका र दक्षिणमा सर्लाही जिल्लाको सिमा क्षेत्र फैलीएको मरिण गाउँपालिकाको भौगालिक कुल क्षेत्रफल ३२४.५५ वर्ग कि.मि. र वडा सङ्ख्या ७ रहेको छ । भौगालिक धरातलीय रुपमा समथर फाँट, चुरे क्षेत्र, खोला खोल्सी, अग्लो होचो डाँडा काँडा देखि महाभारत रेन्जसम्मको भूभाग रहेको छ । गाउँपालिकाको मध्य भागमा मरिण नदी, उत्तरमा महाभारत शृङ्खला र दक्षिणमा चुरेशृखलाहरु रहेको छ । मानवीय रुपमा तामाङ बाहुल्यता रहेको यस गाउँपिलकामा मगर, माझी , विश्वकर्मा, दमाई, सार्की, बाहुन, क्षेत्री, नेवार लगायतका जातीहरु बसोबास रहेको यस गाउँपालिकाको कुल जनसङ्ख्या २७,८२२ छ । मानवीय चेतना तथा भौतिक आर्थिक र पूर्वाधार विकासको दृष्टिकोणबाट यस मरिण गाउँपालिका पिछडिएको देखिन्छ । पर्यटकीय हिसावले पन्चकन्या पोखरी, ठाकुर दरवार, धुरी ढुङ्गा र टुडिखेल एतिहासिक महत्व बोकेको स्थानको रुपमा हेरिएको छ यि ठाउँहरु पनि यसै गाउँपालिकामा पर्दछन् ।

दक्षिणतर्फ चुरे श्रृखला र उत्तरतर्फ महाभारत पर्वतको बीचमा अवस्थित मरिण खोँच क्षेत्र जैविक विविधता र प्राकृतिक श्रोतका हिसावले महत्वपूर्ण रहेको छ । मरिण खोला लगायतका विविध साना ठूला खोला, खहरेबाट सिचिंत भइ आएको यो क्षेत्र परापूर्व कालदेखि नै अन्न र पशुजन्य उत्पादनको भण्डारको रुपमा यस जिल्लामा परिचित छ । परम्परागत कृषिमा निर्भर रहेको यो क्षेत्रमा हाल पशुपालन, तरकारी तथा फलफुलको व्यवसायिक खेती गर्ने प्रचलन बढ्दै गएको छ । र सोही अनुरुपमा माग पनि बढ्दै गएको छ । यहाँ उपलब्ध जैविक विविधता र प्राकृतिक श्रोतको अधिकतम उपयोग गरी कृषि व्यवसायिकरण मार्फत तुलनात्मक लाभका बालीहरुको उत्पादन तथा उत्पादकत्व वृद्दी गरी स्वरोजगार, रोजगार र कृषि व्यवसायी बनाउने लक्ष अनुरुप दिर्घकालीन र अल्पकालीन योजना तर्जुमा तयार गर्ने कार्य भइरहेको छ । यस गाउँपालिकामा प्रधानमन्त्री कृषी आधुनिकीकरण परियोजना अन्तरगत पकेट क्षेत्र र ब्लकका कार्यक्रम सञ्चालन भइरहेको छ, साथै कृषि जोन कार्यक्रम सञ्चालनको लागि पहल भइरहेको छ । यो गाउँपालिकामा कृषी तथा वन विज्ञान विश्वविधालय आङ्गिक कलेज मरिण प्राकृतिक श्रोत व्यवस्थापन प्रदेश स्तरीय कलेज सञ्चालन भइ पठनपाठन भइसकेको कुरा सर्वविदितै छ । यो कलेजले यस क्षेत्रको कृषिको विकासमा टेवा पुग्नेछ भन्ने आशा लिइएको छ । यहाको मुख्य पेशा कृषि नै हो ।

## १.२ रणनीतिको आवश्यकता

नेपालको संविधानले दिशा निर्देश गरेबमोजिम समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न राज्यका सबै अंग, तह र क्षेत्रगत विषयहरूमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास) को विषयलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गर्न आवश्यक भएको छ ।

नेपालको संविधानको धारा १८ मा उल्लिखित समानताको हकमा सबै नागरिक कानूनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानूनको समान संरक्षणबाट बञ्चित नगरिने व्यवस्था छ। साथै सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, बैवाहिकत स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव नगर्ने व्यवस्था उल्लेख छ । नेपालको संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार, राज्यका सबै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ। संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ।

साथै संविधानमा राज्यले सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडावर्ग, सीमांन्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने विषय उल्लेख गरी समावेशी अवधारणालाई आत्मसात् गरिएको छ। सामाजिक न्यायको हकले राज्यका हरेक तहमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकार स्थापना गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धमा स्थानीय तहको काम, कर्तव्य र अधिकारमा लैससास सम्बन्धी व्यवस्था उल्लेख गरेको, वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत वडामा आर्थिक तथा सामाजिकरुपमा पछाडि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने व्यवस्था गरेको; विभिन्न समुदायबीच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत,

आइती

दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अंधविश्वासको अन्त्य गर्ने, गराउने व्यवस्था गरेको; स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछडिएको एवं लक्षित वर्गको सहभागिताको व्यवस्था; योजना छनौटमा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रममा जोड दिदै लैससास प्रवर्द्दन गर्ने लगायतको व्यवस्था उल्लेख गरेको छ। यसका साथै लैससासका सवालहरूलाई सम्बोधन गर्न राज्यले विगत लामो समय देखि नै प्राथमिकताका साथ आवधिक योजना, वार्षिक योजना, नीति तथा कानूनको तर्जुमा तथा परिमार्जन र कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ।

यसै सन्दर्भमा स्थानीय तहद्वारा सञ्चालन हुने योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता र सामाजिक समावेशीमैत्री बनाउन, संवैधानिक एवम कानूनी उत्तरदायित्व तथा जिम्मेवारी पूरा गर्न, राज्यले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता अनुरुप कार्य गर्न, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै समावेशी विकासलाई प्रबर्द्धन गर्ने कार्यलाई थप मार्ग दर्शन गर्न "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति" तयार गरिएकोछ ।

विकास प्रकृयामा मुख्यतया ३ वटा सामान्य तर जटिल प्रश्नहरुको जवाफ खोज्ने गरिन्छ । पहिलो प्रश्न ऐल म कहाँ छु ? दोश्रो अव म कहाँ र किन जाने ? र तेश्रो त्यो कसरी संभव छ ? पहिलो प्रश्नले वर्तमान अवस्था विश्लेषण गराउँछ, दोश्रो प्रश्नले लक्ष र अपेक्षित उपलव्धी को निर्धारण गर्दछ भने तेश्रो प्रश्नले नीति तथा रणनीति तयारी गराउछ । यस मरिण गाउँपालिका क्षेत्रभित्र अन्य विकास साझेदारहरुवाट हुने कार्यक्रमहरुले आ-आफ्नो ढंग वाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको नीति तथा रणनीति वनाई कार्यक्रम कार्यान्वयन गर्दा कार्यक्रममा दोहोरोपना हुने कार्यान्वयन गर्न अप्ठेरो हुने र कार्यक्रमको प्रभावकारितामा कमी आउने भएकोले यी निकायहरुवाट संचालन हुने कार्यक्रम आयोजना का लागि समेत मार्गदर्शन हुने गरि यस मरिण गाउँपालिकाको लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तयार गरिएकोछ । यो रणनीतका प्रमुख उपयोगकर्ताहरु मरिण गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, विकास साझेदारहरु तथा गैहसरकारी संघ संस्थाहरु हुनेछन ।

# २.अवस्था विश्लेषण

लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका रणनीतिका लागि पहिलो चरण भनेको नै वर्तमान अवस्था विश्लेषण हो । हालको अवस्था विश्लेषणका लागि मुख्य हिसावले ३ वटा क्षेत्र निर्धारण गरिएकोछ । जसको विवरण निम्नानुसार प्रस्तुत गरिएकोछ ।

## २.१. SWOT विश्लेषण

यो पालिकाको लैससासको दृष्टिकोषवाट बलियो पक्ष कमजोर पक्ष अवसर तथा चुनौती (SWOT) विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा नीति कानूनमा समावेशीता, संस्थागत व्यवस्थामा समावेशीता, मानव संसाधन तथा क्षमता विकासमा समावेशीता, सेवा प्रवाहमा समावेशीता र सुशासन तथा उत्तरदायित्वमा समावेशीतामा आधारित रहेर विंश्लेषण गरिएकोछ ।जसलाई निम्नानुसार तल प्रस्तुत गरिएकोछ ।

## क.बलियो पक्ष (Strength)

१. वार्षिक कार्यक्रममा महिला तथा लक्षित विकास कार्यक्रमहरु प्रशस्त रुपमा समावेश भएको ।
२. योजना, महिला बालबालिका पिछडिएको वर्ग क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरी बनेको
३. विभिन्न क्षेत्रगत कानूनहरुको निर्माण भएको र यसले नीतिगत रुपमा लैससास लाई सम्बोधन गरेको ।
४. योजना तर्जुमा दिगदर्शन तयार भएको जसमा लैससासका प्रावधानहरुलाई स्पष्ट रुपमा समावेश गरिएको ।
५. अपाङ्गता परिचय पत्र वितरण निर्देशिका तयार भई प्रभावकारी रुपमा कार्यान्वनय भएको ।
६. हरेक निकाय तथा समितिहरुमा महिला लक्षित वर्गको सहभागिताको सुनिश्चितता भएको छ ।
७. उपभोक्ता समितिहरुमा महिला सहभागिता अनिवार्य गरेको छ ।
८. नीति कानून कार्यविधि निर्माण गर्न सक्षम जनशक्ति उपलव्ध भएको ।
९. महिला तथा बञ्चितीमा परेका समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको
१०. महिला पुरुष एवम रैथाने तथा आप्रवासी कामदार तथा श्रमजिवी उपर ज्यालामा विभेद रोक्ने प्रावधान रहेको ।
११. कार्यपालिकामा महिला तथा लक्षित वर्गको सहभागिता ३३% भन्दा वढी भएको ।

१२. कार्यरत कर्मचारी मध्ये ३३% भन्दा बढी महिला कर्मचारी भएको ।

१३. महिला तथा लक्षित वर्गका लागि जीविकोपार्जन सशक्तिकरण, आवाज सशक्तिकरण तथा विभेदजन्य नीति नियम परिवर्तनका लागि विशेष कार्यक्रम संचालन गरेको ।

१४. महिला बालबालिका जेष्ठ नागरिक शाखा स्थापना र सचालन भएको

१५. बेरोजगार तथा गरिबहरुको खण्डिकृत डाटा अद्यावधिक भएको

१६. स्थानीय तहले गठन गर्ने समिति उपसमितिहरुको मुख्य पदमा महिला सहभागिता सुनिश्चित गरेको

१७. सामाजिक सुरक्षाका सुविधा पाउने लाभग्राहीहरुको अभिलेख व्यवस्थापन तथा तथ्याङ्क अद्यावधिक गरेको ।

१८. लैङ्गिक हिंसा निवारण, महिला सीप विकास, नेतृत्व विकासको श्रोत व्यवस्थापनका लागि कोष स्थापना गरी कार्यान्वयन गरेको ।

१९. समावेशी सूचना प्रणाली व्यावस्थापनका लागि बजेट विनियोजन तथा कार्यान्वयन ।

२०. लक्षित वर्गको क्षमता विकासका लागि बजेट विनियोजन गरेको ।

२१. विपद व्यवस्थापन कोष परिचालनमा नीति तथा कार्यविधि निर्माण भएको

२२. लक्षित वर्गको सरकारी जागीर प्रवेशका लागि लोकसेवा तथा शिक्षक सेवा पूर्व तयारी कक्षा संचालन गरी लक्षित वर्ग रोजगारी कार्यक्रममा प्रत्यक्ष रुपमा सहयोग पुर्याएको ।

२३. महिला विरुद्ध हुने सवै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रममा बजेट विनियोजन गरेको ।

२४. स्थानीयतह भित्र हुने गरेका सामाजिक कुरीतिहरु (छुवाछुत, बालविवाह, बहुविवाह ) हटाउनको लागि कार्यक्रमहरु संचालन गरेको ।

२५. महिलाका लागि कानूनी सचेतना सम्वन्धी अनुशिक्षण कार्यक्रम संचालन भएको (कानूनी हक अधिकार, एकल महिला मानव बेचविखन यौन हिंसा आदी )

२६. उमेर पुगेका सवै बालबालिकाहरु विद्यालय भर्ना भएका ।

२७. सवै विद्यालयमा महिला पुरुष शौचालय तथा हात धुने व्यवस्था भएको ।

२८. निशुल्क प्रसूति सेवा, नवजात शिशु तथा सुत्केरीका लागि विशेष कार्यक्रम संचालन गरेको । गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थांमा सुत्केरी गराउने प्रयोजनका लागि निशुल्क एम्बुलेन्स सेवा संचालन भएको ।

२९. भौतिक पूर्वाधारका सवै डिजाइनहरुमा लैससास मैत्री प्रावधानहरु समेट्ने गरिएको ।

३०. सवै विद्यालयमा किशोरीहरुलाई निशुल्क सेनिटरी प्याड वितरण गरेको।

३१. निरक्षर महिलाहरुका लागि विशेष कार्यक्रम संचालन गरेको ।

आइती

३२. प्रजनन् स्वास्थ्य एड्स क्यान्सर र आङ खस्ने लगायतका विषयहरुमा स्वास्थ्य सचेतना कार्यक्रम संचालन भएको ।

३३. लक्षित वर्गको स्वरोजगार तथा बैदेशिक रोजगारमा जाने महिला तथा लक्षित समूहको क्षमता विकास लागि कार्यक्रमहरु संचालन ।

३४. लक्षित तथा विपन्न वर्गको निशुल्क स्वास्थ्य वीमा भएको ।

३५. खुल्ला दिसा मुक्त पालिका घोषणा भएको र त्यसको निरन्तर follow up भएको ।

३६. लैङ्गिक हिंसा तथा घरेलु हिंसा पीडितहरुले न्यायिक समिति तथा मेलमिलाप केन्द्र मार्फत विना खर्च न्याय पाएको ।

३७. संघीय र प्रदेश सरकारका नीति नियम कार्यक्रमको कार्यान्वयनमा पालिका सहकार्य समन्वय गरेको

३८. लक्षित वर्गको उपस्थितिमा लक्षित वर्गका आगामी योजना तथा सम्पन्न योजनका वारेमा छलफल हुने गरेको ।

३९. नियमित रुपमा कार्यक्रमको सार्वजानिक परीक्षण, सामाजिक परीक्षण, सार्वजानिक सुनुवाई मार्फत कार्यक्रमको सार्वजानिक गरेको ।

४०. सार्वजनिक लेखापरीक्षण सामाजिक परीक्षण तथा सार्वजानिक सुनुवाईमा लक्षित समूहलाई प्रश्न राख्न दिने र छलफल गर्ने गरेको ।

४१. जनप्रतिनिधि तथा कर्मचारीहरुको आचारसंहिता निर्माण गरि अनुशासनमा बाँधिएको

४२. बार्षिक नीति तथा कार्यक्रम छापा प्रकाशन तथा वेभसाइट मार्फत नियमित रुपमा सार्वजनिक गरेको

४३. सुस्त श्रवण भएका तथा नेपाली भाषा नवुझ्नेहरुका लागि विशेष व्यवस्था गरी पालिको कुनै सूचना वाट वञ्चित हुन नदिएको ।

## ख. कमजोर पक्ष

१. लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार नभएको ।

२. गाउँपालिकाको लैंगिक तथा सामाजिक समावेशिकरण रणनीति निर्माण नभएको ।

३. महिलाहरुको छुट्टै खण्डिकृत डाटा (बस्तुगत विवरण) नभएको ।

४. स्थानीय तहले योजना तर्जुमा तथा अनुंगमन मूल्याङ्कनलाई लैससासको पक्षवाट हेर्ने नगरेको

५. लैङ्गिक उत्तरदायी तथा समाजिक समावेसी वजेट निर्माण एवम परीक्षणलाई वजेट व्यवस्थान नभएको ।

६. दिगो विकासको लक्ष्यका लक्ष्य नं. १, ५,१० र १६ लाइ तोकेर बजेट विनियोजन नगरिएको

७. कुनै नीति नियम कार्यविधि दिगदर्शन जारी गर्नु भन्दा अगाडी लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा वा विश्लेषण नगरेको ।

८. निश्चित प्रतिशत वजेट लक्षित वर्गमा विनियोजन नगरेको ।

९. उपभोक्ता समितिहरुमा भएका छलफलमा लैससासका विषयमा छलफल गरेको अभिलेख नभएको।

१०. योजना तर्जुमा प्रकृयामा लैससासको दृष्टिकोणवाट विश्लेषण भएको अभिलेख नभएको ।

११. महिला पुरुष वीचको असमानता हटाउन तथा समाजिक समावेशीकरण बढाउनको लागि निश्चित कार्यनीति नरहेको ।

१२. कार्यालयमा हुनसक्ने कुनै पनि प्रकारको दुर्व्यवहार भेदभाव महिला हिंसा नियन्त्रणको आचारसंहिता वनाएर लागू नभएको ।

१३. मानव संसाधन विकास शाखाको स्थापना नभएको ।

१४. पदाधिकारी तथा कर्मचारी लैससास सम्बन्धी जानकार भएपनि कार्यान्वयन पक्ष लैससास मैत्री नभएको।

१५. स्थानीय तहका सवै पदाधिकारी हरुलाई कानूनको मस्यौदा तर्जुमा तथा प्रकृयाका वारेमा अभिमुखीकरण नभएको ।

१६. महिला हक र अधिकार सम्बन्धी वेइजिङ घोषणापत्रले समेटेका १२ प्रतिवद्धताका वारेमा कर्मचारी तथा पदाधिकारीलाई अभिमुखीकरण नभएको तथा प्रतिवद्धता कार्यान्वयनका लागि बजेट विनियोजन नभएको।

१७. लैङ्गिक हिंसा मुक्त स्थानीयतह घोषणा हुन नसकेको ।

१८. कर्मचारीहरुलाई पछिल्लो समय निर्माण भएका कानून कार्यविधि हरुका वारेमा नियमित अभिमुखीकरण हुन नसकेको ।

१९. सार्वजनिक स्थल तथा कार्यालयहरुमा स्तनपान गृह नभएको ।

२०. गर्भवती महिलालाई जोखिम तथा खतरायुक्त काममा नलगाउने नीति तयार नभएको ।

२१. भौतिक पूर्वाधारका ड्रइङ डिजाइनहरु लैससासमैत्री भएपनि सो अनुसार निर्माण नभएको ।

२२. यौनिक तथा लैङ्गिक अल्प संख्यकका लागि बजेट विनियोजना तथा शौचालयहरुमा विशेष व्यवस्था नभएको ।

आइती

२३. लैससास सम्बन्धी सरोकारवाला निकाय विच समन्वय तथा सहकार्यका लागि संयन्त्र निर्माण नभएको साथै अनुशिक्षण नभएको ।

२४. योजना तथा कार्यक्रमको . अनुगमन मूल्याङ्कन गर्दा लैससासका दृष्टिकोणका आधारमा नभएको

२५. जनप्रतिनिधिहरुको विस्तृत वैयक्तिक विवरण वेभसाइटमा नराखिएको ।

२६. सामाजिक संजालमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सूचना, समाचार तथा सन्देशमुलक विषय वस्तु आदि प्रकाशन नभएको ।

## ग. अवसर

१. विभिन्न जातजाति, समुदाय बीच सामाजिक र सास्कृतिक विविधता रहेकोले सामाजिक समावेशीकरण व्यवहारमा लागु गर्ने उपयुक्त सामाजिक वातारण रहेको ।

२. प्रशस्त उद्योगहरु हुनु रोजगारीका अवसरहरु प्रशस्त हुनु ।

३. योजना कार्यान्वयनमा उत्कृट शाखालाई पुरस्कृत गर्ने परिपाटी हुनु । *(जसले कानून कार्यन्विनयका आधारमा उत्कृष्ट शाखा तथा वडाहरुलाई पुरस्कृत गरी निर्माण भएका कानूनहरुको व्यवहारिक पक्षको अध्यन विश्लेषण गर्ने सकिने )*

४. आवश्यक पर्ने कानून नीति नीयम बनाउन सक्ने दक्ष जनशक्ति स्थानीय तहमा उपलव्ध हुनु ।

५. विभिन्न गैहसरकारी संघसंस्थाको कार्यक्षेत्रको रुपमा स्थानीय तह हुनु ।

६. युवा कर्मचारीको वाहुल्यता रहेकोमा युवा जोस र जाँगरलाई पालिकाको सर्वाङ्गिण हितमा प्रयोग गर्न सकिने

७. महिला तथा लक्षित वर्गका विभिन्न समूहरु क्रियशिल हुनु । *(जसमा नियमित रुपमा नेतृत्व विकास तथा समूह संचालनका वारेमा गतिविधिहुने हुनाले महिला तथा लक्षित वर्गका कार्यक्रमहरु महिला तथा लक्षित वर्गवाटै संचालन गर्न सकिने ।*

८. राष्ट्रिय गौरबका आयोजना स्थानीय तहमा संचालन हुनु *(काम गर्ने अवसर तथा बिकासलाई जोड दिनका लागि सहज हुन्छ )*

९. स्थानीय तहका सवै कार्यालयहरुमा महिला हिंसा तथा विभेद हुन नदिनका लागि लैङ्गिक हिंसा न्यूनीकरण आचार संहिता निर्माण गर्न गैससले सहयोग गरिरहेको हुनु ।

१०. संघीय सरकार तथा प्रदेश सरकार संग प्रत्यक्ष पहुँच राख्ने जनप्रतिनिधिहरु हुनु ।(आवश्यकीय योजना र बजेट माग गर्नका लागि पहुँच पुग्छ)

११. जनप्रतिनिधिहरु तथा कर्मचारीहरु लैससास सहिति अन्य विभिन्न विषयको श्रोत व्यक्ति हुनु । (क्षमता विकासका कार्यक्रमहरु संचालन गर्न सकिने )

१२. वालमैत्री लैङ्गिक मैत्री अपाङ्गमैत्री जस्ता विकास मोडलका विषय विज्ञहरु स्थानीय तहमा हुनु ।

१३. लैङ्गिक हिंसा मुक्त स्थानीय तह घोषणा गर्ने प्रतिवद्धता सहितको बृहत आवधिक योजना तयार भएको ।

१४. स्वास्थ्य वीमा कार्यक्रमलाई सवै घरधुरीमा पुर्याउन प्राविधिक सहयोगका लागि गैससले काम गरिरहेको ।

१५. एक घण्टाको पहुँच भित्र सवै नागरिकका लागि स्वास्थ्य सेवाको पहुँच हुनु । (सवै गर्भवती महिलाहरुलाई सुरक्षित रुपमा प्रसूति गराउन सकिने )

१६. अंग्रेजी माध्यमवाट पठनपाठन हुने सरकारी विद्यालयहरु हुनु । ( शैक्षिक तथा अन्य कार्यक्रमहरु समावेश गरी सरकारी विद्यालयमा विद्यार्थीहरुको आकर्षण वढाउन सकिने जहाँ किसान गरिब तथा मजदुरका छोराछोरी पठनपाठन गर्छन) ।

१७. सुपथ मूल्यका सहकारी पसलहरु स्थापना संचालनमा हनु ( महिला तथा लक्षित वर्गलाई प्रत्यक्ष राहात दिन सकिने )

१८. किसान सम्मान अभिनन्दन पुरस्कार आदी कार्यक्रम नियमित रुपमा हुनु ( किसान र कृषि प्रवर्द्धन गर्न सकिने ।

१९. कृषि तथा नैतिक शिक्षा जस्ता व्यवहारिक विषयहरु विद्यालयमा पठन पाठन हुनु ।

२०. आवश्यक सवै शाखामा पर्याप्त जनशक्ति हुनु ।

२१. अन्तर्राष्ट्रिय सन्धी संझौता तथा प्रतिवद्धताहरु लाई स्थानीयकरण गर्न गै.स.स.ले प्राविधिक सहयोग पुर्याउनु ।

२२. अनुगमन मूल्याङ्कनमा लैससास सम्बन्धी सूचकहरु पहिचान समावेश गर्नका लागि आवश्यक काम हुनु ।

२३. अन्तर्राष्ट्रिय प्रतिवद्धता तथा महासन्धीहरुका वारेमा जनप्रतिनिधिहरु जानकार हुनु ।

**घ. चुनौतीहरु**

१. छुवाछूत, लैङ्गिक विभेद पुत्रमोह, जस्ता परम्परागत कु मान्यता विरुद्धका नीत्ति नियम कार्यविधि कार्यान्वयन मा जटीलता ।

२. मागमा आधारित अत्याधिक योजनाहरु कार्यान्वनय गर्न र प्राथामिकीकरण नीति वनाउन कठिन

३. संघीयता कार्यान्वयनमा स्थानीय तहलाई छुट्टै सरकारको मान्यता पाउन नै कठीन ।

४. गरिबी पहिचानका आर्थिक सामाजिक आधारहरु ठाउँ अनुसार फरक- फरक पर्ने भएकोले गरीवी मापनका सुचकहरु निर्माण गर्न ।

५. विशेष गरी महिलाद्वारा सम्पादित घरभित्रको वीना पारिश्रमिक को कामको मूल्याङ्कन गर्न ।

६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी निर्माण भएका ऐन, नियम कानून कार्यविधि कार्यान्वन गर्न ।

७. समाजमा जरा गाडेर वसेको सामाजिक कुरीतिहरु (जातीगत छुवाछुत, बोक्सीको आरोप लागाउने घरेलु हिंसा ) को अन्त्यका लागि विभिन्न कार्यक्रम हरु सञ्चालन गर्न ।

८. मोवाइलको दुरुपयोग र बाल बालिकाको उमेरमा नै व्यापक प्रयोगले बालविवाह अवैध वच्चा जन्माउने तथा परिपक्व उमेरमा पुग्दा सम्वन्ध विच्छेद हुने जस्ता संभावना वढ्दै गाएको ।

९. संघीयताको अभ्यासको चरण भएका कारण नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कठीन ।

१०. कृषि प्रति युवा लाई आकर्षित गर्न र जीविकोपार्जनको प्रमुख आधारको रुपमा कृषिलाई स्थापित गर्न ।

११. सामाजिक सञ्जाल मार्फत हुने गरेका र हुन सक्ने संभावित भ्रमहरु चिर्नका लागि आवश्यक प्रविधि र जनशक्ति व्यवस्थापन गर्न ।

१२. दुर्व्यसनीमा युवाहरुको संलग्नता बढ्दै जानु ।

१३. कानुनी ज्ञान आवश्यक नीति, नियम आदीको अभावले मेलमिलाप केन्द्रहरु प्रभाकारीरुमा कार्यान्वयन गर्न ।

पालिकाको सबल पक्षमा रहेका कुराहरु सबै अगाडि बढाएको तर आंशिक रुपमा अघि बढेको वा भर्खर सुरु हुदै गरेको पाइयो । धेरै कामहरु भैरहेको छ । नीतिहरु बनि रहेका छन् कार्यान्वयन क्रममा छन् । अवसरलाई उपयोग गर्दै चुनौती पहिचान गरि घटाउदै जाने र कमजोरीहरुलाई निमिट्यान्न पर्ने भन्ने कुराहरु सहभागीहरुबाट आएको छ ।

आकृती

## २.२. सरोकारवाला पहिचान

लैङ्गिक समानता तथा समाजिक समावेशीकरण रणनीति योजना कार्यान्वयनका लागि निम्नानुसार सरोकारवालाहरु पहिचान गरिएको छ । जसमा सिधा सम्पर्क हुने, दोश्रो माध्यमवाट संम्पर्क हुने र अप्रत्यक्ष रुपमा सम्पर्क हुने गरी निम्नानुसार ३ भागमा तय गरिएको छ ।

| सिधा सम्पर्क हुने (पहिलो नं. का सरोकारवालाहरु ) | दोश्रो माध्यमवाट सम्पर्क हुने (दोश्रो नं. का सरोकारवालाहरु ) | अप्रत्यक्ष सम्पर्क हुने हरु (तेश्रो नं. का सरोकारवालाहरु ) |
|---|---|---|
| महिलाबालबालिका तथा जेष्ठ नगारिक शाखा | विकास साझेदारहरु | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, बागमती प्रदेश |
| योजना शाखा | सहकारी संस्थाहरु | प्रदेश मन्त्रालयहरु सवै |
| शिक्षा शाखा | बैंक तथा वित्तीय संस्थाहरु | प्रदेश योजना आयोग |
| स्वास्थ्य शाखा | उद्योगहरु | प्रदेश सुशासन केन्द्र |
| सहकारी शाखा | वालक्लवहरु | भूमी व्यवस्था आयोग |
| खानेपानी तथा सरसफाइ शाखा | आमा समूहहरु / फरक क्षमता भएकाका लागि काम गर्ने सस्थाहरु | संघीय मन्त्रालयहरु |
| युवा तथा खेलकुद शाखा | जेष्ठ नगारिक मिलन केन्द्रहरु | महिला आयोग |
| प्रशासन शाखा | विद्यालयहरु | दलित आयोग |
| सवै वडा कार्यालयहरु | गैह्रसरकारी संस्थाहरु | मुस्लिम आयोग |
| गाउँ / नगर कार्यपालिका | स्वयम् सेवक समूहहरु | राष्ट्रिय योजना आयोग |
| गाउँ / नगर सभा | उद्योग वाणिज्य संघ | मानव अधिकार आयोग |
| न्यायिक समिति | राजनैतिक दलहरु | अन्तराष्ट्रिय दातृ निकायहरु |
| विषयगत समितिहरु सवै | संचार माद्यमहरु | राष्ट्रिय स्तरका संचार माध्यमहरु |

नोटः स्थानीय तहमा रहेका अन्य सरोकारवालाको आधारमा थपघट गर्न सकिनेछ ।

## २.३. लक्षित वर्ग पहिचान

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लक्ष नै लक्षित वर्गलाई विकासको मूल प्रवाहमा ल्याउनु हो त्यसका लागि निम्नानुसार लक्षित वर्गहरु पहिचान गरिएकोछ ।

१. महिला
२. एकल महिला
३. बालबालिका
४. जेष्ठनगारिक
५. आदिवासी जनजाती
६. मुस्लिम
७. अल्पसंख्यक/लोपोन्मुख
८. कमैया
९. किसान
१०. मजदुर
११. फरक क्षमता भएका व्यक्ति
१२. द्वन्द्वपीडित
१३. विपन्न वर्ग
१४. सुकुम्वासी
१५. मधेसी
१६. पिछडिएको क्षेत्र र समुदाय
१७. लैङ्गिक तथा यौनिक अल्पसंख्यक
१८. सडक वालवालिकाहरु

माथि उल्लेखित तीनै प्रकारको विश्लेषणवाट मरिण गाउँ पालिकाको वर्तमान अवस्थाका सवै पक्षहरु देखिएका छन । वलियो पक्ष, कमजोर पक्ष, अवस तथा चुनौती संगै लैससास रणनीति कार्यान्वयनका लागि तीन तहकै सरोकारवालाहरु तथा सवै लक्षित वर्गहरु पहिचान भइसकेको छ ।धेरै भन्दा धेरै सवल पक्षहरु पहिचान भएका छन्। ती सवल पक्षहरुलाई श्रोतको रुपमा परिचालन गरेर लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै लैजान सकिन्छ ।

## ३. दीर्घकालीन सोच (Vision)

"न्यायपूर्ण र विभेदमुक्त, लैङ्गिक तथा समाजिक समावेशीयुक्त पालिका निर्माण गर्ने"

## ४. ध्येय (Mission)

सार्वजानिक जीवनमा जात वर्ग क्षेत्र लिंगका आधारमा हुने गरेको विभेदको अन्त्य गर्ने ।

## ५. लक्ष्य (Goal)

न्यायोचित तथा समतामुलक विकासको माध्यमवाट वहिष्करणमा परेको वर्गलाई मुल प्रवाहमा ल्याउने।

## ६. उद्देश्य (Objectives)

यस रणनीतिको मुख्य उद्देश्य लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको मान्यता अनुरुप स्थानीय तहले गर्ने सम्पूर्ण विकासका तथा प्रशासनिक कामलाई लैससास प्रति उत्तरदायी वनाउनु नै हो । यस रणनीतिका उद्देश्यहरु निम्नानुसार रहेका छनः

१. लैङ्गिक उत्तरदायी बजेट निर्माण मार्फत महिला सहभागिता अभिवृद्धि गरेर लैङ्गिक उत्तरदायी शासनपद्धती अवलम्वन गर्ने ।
२. श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने ।
३. लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्टिय प्रतिवद्धता सन्धि संझौताहरु कार्यान्वयन गरी मूल प्रवाहीकरण गर्ने ।
४. नीति कानूनमा नै महिला तथा लक्षित वर्गको समावेशिता सुनिश्चित गरी आवाज सशक्तीकरण गर्ने ।
५. संस्थागत व्यवस्था अन्तरगत कार्य प्रणाली, वित्त व्यवस्थापन एवम तथ्याङ्कमा समेत महिला एवम् लक्षित वर्गको समावेशीतालाई सुनिश्चित गरी आर्थिक रुपमा सशक्तिकरण गर्ने ।
६. मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर वनाउने।

७. अनौपचारिक मूल्य मान्यता कुसंस्कार विरुद्ध जनचेतना वृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समावेशीतामा आधारित समाज स्थापना गर्ने ।

८. शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाइ संग सम्बन्धित सेवा प्रवाहमा लैससासलाई प्राथमितामा राख्ने र प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने ।

## ७. लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति (GESI Policy)

माथि उल्लेखित उदेश्यहरु परिपूर्तीको लागि निम्नानुसार नीतिहरु अवलम्वन गरिनेछ ।

१. वार्षिक वजेट निर्माण गर्दा सामाजिक विकास,पुर्वाधार, कृषि वन तथा भूमीसुधार,गरिबी निवारण, स्थानीय विकाश तथा शान्ती एवम सुशासन संग सम्बन्धित सवै क्षत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने

२. हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरि त्यसले औल्याएका कमी कमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने ।

३. महिला तथा बालबालिका संग सम्बन्धित सबै अन्तर्राष्ट्रिय सन्धि संझौताहरु, प्रतिवद्धताहरु तथा दिगो विकास लक्ष्यलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पूरा गर्दै लैजाने ।

४. पालिकाले निर्माण गरेका सवै कानून, नीति नियम, निर्देशिका कार्यविधिहरु महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता, जेष्ठनागरिक, दलित,लोपउन्मूख सिमान्तकृत आदिवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने ।

५. लैससास वारे संबिधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानून, कार्यबिधि, साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतीकरण तथा क्षमता विकास गर्ने।

६. लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला बालबालिका तथा जेष्ठ नगारिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संवोधन गर्दै लैजाने ।

७. वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरि महिला पुरुष समविकासलाई वढावा दिने ।

८. लक्षित वर्ग पहिचानं हुने गरि खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरि त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने ।

९. बालबालिका तथा अपाङ्ग एवम् जेष्ठ नागरिकहरुलाई सामाजिक संरक्षण प्रदान गर्ने ।

१०. मानव संसाधन विकास शाखा स्थापाना गरि महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथिमिकतमा राखेर कार्यान्वयन गर्दै लैजाने ।

११. निर्माण भएका संघीय तथा स्थानीय कानून कार्यविधिहरुका वारेमा कर्मचारीहरुलाई अद्यावधिक गर्दै लैजाने ।

१२. सामाजिक कुरीतिहरुका विरुद्ध सचेतना लाई सामाजिक विकासका हरेक कृयाकलापमा समावेश गरी छलफल गर्ने ।

१३. शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाई जस्ता समाजिक विकासका क्षेत्रहरुमा लैससास सग सम्बन्धित सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने ।

## ८. लैससास रणनीति (GESI Strategy)

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लगि तपसिलमा उल्लेखित रणनीतिहरु अवलम्वन गरिनेछः

### ८.१ मूल प्रवाहीकरण

क. महिला, गरिब र बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत ब्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, बजेट, पँहुचयुक्त अवसर , सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत सवाल र समस्याको समाधान गरि विकास प्रक्रियामा मूलप्रबाहीकरण गर्ने ।

ख. लैङ्गिक उत्तरदायी बजेट मार्फत सवै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरि लैङ्गिक मूलप्रबाहीकरण गर्ने । साथै कानूनी प्रवन्ध संस्थागत सुधार तथा क्षमता विकासको माध्यमवाट लैङगिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने ।

## ८.२ समावेशीकरण

क. विकासका अवसरवाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्र संग सम्बन्धित सवै कृयाकलापहरुमा अर्थपूर्ण सहभागिता गराई समावेशी शासन प्रणालीको अवलम्वन गर्ने ।

## ८.३ स्थानीयकरण

क. अन्तराष्ट्रिय सन्धि संझौता प्रतिवद्धता तथा दिगो विकास लक्षका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै स्थानीयकरण गरी आवश्यक प्रतिफल हासिल गर्ने ।

## ८.४ सशक्तिकरण

क. लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रमबजारमा महिलाको सहभागिता अभिवृद्धि गरी अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने ।

ख. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मार्फत बञ्चितीकरणमा परेको समुदायलाई अवसरमा प्राथमिकता संगै क्षमता विकास तथा सीप विकास गरी सामाजिक र आर्थिक क्षेत्रका सवै कृयाकलापहरुमा प्रतिस्पर्धीको रुपमा आउन सक्ने वनाउने ।

ग. स्वरोजगार रोजगारी र उद्यमशीलताको एकीकृत कार्यक्रमका माध्यमवाट महिला तथा वञ्चितीकरणमा परेका वर्गको आर्थिक सशक्तिकरण गर्ने ।

घ. कृषि, पशुपालन, सहकारी, घरेलु उद्योग तथा पर्यटन विकासको माद्यमवाट विपन्न तथा बञ्चितीकरणमा परेका समुदायलाई रोजगारी प्रदान गर्ने तथा स्वरोजगार वन्ने अवसर प्रदान गर्ने ।

## ८.५ सचेतीकरण

क. लैङ्गिक समानता तथा समाजिक समावेशीकरण वारे संविधान, ऐन कानून नीति कार्यविधि दिग्दर्शन का प्रावधान कार्यप्रणाली र समावेशीताका वारेमा सवै सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गरि कार्यान्वयन तथा परिणाममा एकरुपता ल्याउने ।

ख. समाजमा विद्यमान कुरितिहरु अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक क्रियाकलापमा अकाट्य सवाल (Cross cutting issue) को रुपमा छलफल गर्दै लैजाने ।

## ८.६ संस्थागत संरचना

क. संघीय तथा प्रादेशिक कानून कार्यविधिहरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै पालिकाले निर्माण गर्ने हरेक ऐन कानून कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका दृष्टिकोणले बञ्चितीकरणमा परेका समुदायको सहभागिता सुनिश्चित गर्ने ।

## ८.७ समन्वय

क. विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरी योजना तर्जूमा, बजेट विनियोजन उपभोक्ता  समूह गठन तथा त्यसको नेतृत्व, परिचालन,  अनुगमन मूल्याङ्कन लाई लैससास मैत्री वनाउदै लैजाने ।

ख. प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति,स्थानीय तह  लगायत अन्य विकास साझेदारहरु बीच समन्वय गरी लैससास मैत्री नीति निर्माण, योजना तर्जुमा तथा त्यसको प्रभावकारी क्रार्यान्वयनको आधार तयार गर्ने ।

## ८.८ सहकार्य

क. लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका लागि पालिकाभित्र विभिन्न शाखा हरु तथा अन्य विकास साझेदारहरु (बैंक वित्तीय संस्था सहकारी उद्योग बाणिज्य संघ घरेलु उद्योग तथा गैह्र सरकारी संघ संस्था) विच सहकार्य गर्ने ।

ख. प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति,स्थानीय तह  लगायत अन्य विकास साझेदारहरु संग लैससांस मैत्री साझा प्रतिफल हासील गर्न सहकार्य गर्ने ।

## ८.९ सहजीकरण

क. वहिष्करणमा परेका वर्गहरुलाई आर्थिक सामाजिक गतिविधिहरुमा संलग्न हुन योजना तर्जूमा देखि अनुगमन मूल्याङ्कन सम्म हरेक चरणमा  वस्ती तथा समुदाय स्तरमा नै सहजीकरण गर्ने संयन्त्र विकास गरी परिचालान गर्ने।

ख. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण को क्षेत्रमा काम गर्ने सरकारी गैह्रसरकारी संघ संस्था तथा विभिन्न प्रतिष्ठान आयोग समितिहरुमा समन्वय सहकार्यका लागि संयन्त्र मार्फत नियमित रुपमा सहजीकरण गर्ने ।

## ८.१० सामाजिक सुरक्षा

क. नागरिक, जो आफै आफूलाई संरक्षण गर्न सक्दैन त्यस्ता नगरिकहरुलाई स्थानीय सरकारले संरक्षण गर्नेछ । विशेष गरी बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्तिहरु तथा एकल महिलाहरु यस अन्तरगत पर्दछन भने ती वर्गको संरक्षण स्वास्थ्य शिक्षा तथा जीविकोपार्जनमा सहयोम गर्दै लैजाने ।

ख. सामाजिक सुरक्षा अन्तरगत अल्पसंख्यक, सिमान्तकृत, लोपउन्मुख जातजातीहरु, दलित, मुस्लिम लगायत पर्दछन् र ती वर्गको सुरक्षा स्वाथ्य शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लैजाने ।

## ८.११ अनुगमन मूल्याङ्कन

क. प्रत्येक चरणमा गरिने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोण वाट गर्ने पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सूचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने ।

आइती

९ . रणनैतिक क्रियाकलापहरु

| क्र सं | उदेश्य | नीति | रणनीति | रणनैतिक क्रियाकलाप | मापनका सूचकहरु | पुस्ट्याईका आधारहरु |
|---|---|---|---|---|---|---|
| १ | लैङ्गिक उत्तरदायी बजेट निर्माण मार्फत महिला सहभागिता अभिवृद्धि गरेर लैङ्गिक अन्तरहरूको प्रभावलाई सम्बोधन गर्ने । | वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास ,प पूर्वाधार, कृषि वन तथा भूमीसुधार, गरिबी निवारणं, स्थानीय विकास तथा शान्ति एवम सुशासन संग सम्बन्धित सवै क्षत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने। | लैगिंक उत्तरदायी बजेट मार्फत सवै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरि लैङ्गिक मूलप्रबाहीकरण गर्ने । | १. लैससास मैत्री योजना तर्जुमा तथा कार्यान्वयनका लागि निश्चित प्रतिशत पुजिगत बजेट विनियोजन गर्ने ।<br>२. योजना संकलन तथा प्राथमिकीकरण प्रकृयामा नै लक्षित वर्गको सहभागिता अनिवार्य गर्ने ।<br>३. लैङ्गिक उत्तरदायी योजना तर्जूमा प्रकृयालाई पूर्ण रुपमा कार्यान्वयन गर्ने ।<br>४. लैङ्गिक उत्तरदायी योजना तर्जुमा प्रकृयाबाट आवधिक योजना तर्जूमा गर्ने ।<br>५. लैङ्गिक उत्तरदायी योजना तर्जुमाका लागि सुचकहरु तयार गरी त्यसैको आधारमा योजना तर्जुमा मापन र परीक्षण गर्ने ।<br>६. लैङ्गिक उत्तरदायी वजेट तर्जूमा तथा कार्यान्वयनका लागि सरोकारवाला पक्षलाई क्षमता अभिवृद्धि गर्ने ।<br>७. लैङ्गिक उत्तरदायी बजेट तर्जूमा तथा मूल्याङ्कन गर्न आवश्यक | १. वार्षिक वजेटमा कम्तीमा ३५% पुजीगत बजेट लैससास मैत्री योजनामा विनियोजन भएको हुनेछ<br>२. लैससास मैत्री आवधिक योजना तयार भएको हुनेछ ।<br>३. लैङ्गिक उत्तरदायी योजना तर्जूमा तथा मापन सम्बन्धी सूचकहरु निर्माण भएका हुनेछन ।<br>४. योजना तर्जुमा प्रकृयामा लक्षित वर्गको पूर्ण | १. वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका<br>२. आवधिक योजना<br>३. योजना तर्जुमा प्रकृयाका बैठक तथा भेलाका उपस्थितिहरु<br>४. कार्यपालिकाका बैठकका निर्णयहरु<br>५. सभाका बैठकका निर्णयहरु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | सूचना तथा तथ्याङ्कलाइ व्यवस्थित गर्ने प्रणालीको विकास गर्ने । ८. सेवा प्रदायक अन्य निकायहरुलाई लैङ्गिक उत्तरदायी बजेट निर्माण प्रकृयाका वारेमा अभिमुखीकरण गर्ने । | सहभागिता भएको हुनेछ । ५. लैङ्गिक उत्तरदायी बजेट हेर्ने सूचना प्रणालीको विकास भएको हुनेछ । | |
| २ | श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गरी न्यायोचित वितरणलाई संस्थागत गर्ने । | हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरि त्यसले औल्याएका कमी कमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने । | विकासका अवसरवाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्रसंग सम्बन्धीत सवै कृयाकलापहरुमा अर्थपुर्ण सहभागिता गराई वार्षिक रुपमा मूल्याङ्कंन गर्दै लैजाने । | १. लक्षित वर्गको खण्डिकृत तथ्यांक संकलन गरि हरेक वर्ष अद्यावधिक गर्दै लैजाने २. कानून तथा कार्यविधिमा महिला तथा बञ्चितकरणमा परेका समूदायको लागि उल्लेख भएका प्रवधानहरुका वारेमा सरोकारवाला पक्ष लाई सुसुचित गर्ने । ३. जीविकोपार्जन संग जोडिएका आर्थिक गतिविधि हरुमा लक्षित वर्गका लागि निर्दिष्ट बजेट विनियोजन गर्ने । ४. संघ संस्थामा प्रतिनिधित्व, | १. लक्षित वर्गको खण्डिकृत विवरण वार्षिक रुपमा अध्यावधिक भएको हुनेछ । २. कानून, कार्यविधिका वारेमा सेवा प्रदायक तथा सेवा ग्राहीहरु लाई अभिमुखीकरण भएको हुनेछ । ३. लक्षित वर्गको जीविकोपार्जन हुने गरी निर्दिष्ट बजेट | १. वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका २. कानून कार्यविधि वारेमा अभिमुखीकरण कार्यक्रमको उपस्थिति । ३. उपभोक्ता समिति गठन तथा परिचालन कार्यविधि ४. कार्यपालिका तथा सभाका निर्णय |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | शाखाप्रमुखको जिम्मेवारी प्रदान, अध्ययन अनुसन्धान टोली निर्माण गर्दा लक्षित वर्गलाई पहिलो प्राथमिकतामा राखेर गर्ने<br>५. राजनैतिक नेतृत्व तथा जम्मेवारी वाडफाँडमा महिला एवम लक्षित वर्ग लाई निश्चित प्रतिशत सहभागिता प्रदान गर्ने<br>६. महिला तथा लक्षित वर्गको कार्यबोझ कम गर्ने सरल तथा समय वचत हुने खालका ( व्यवहारिक आवश्यकता पुरा हुने ) कार्यक्रममा बजेट विनियोजन गर्ने ।<br>७. महिला तथा लक्षित वर्गको स्थिति परिवर्तन गर्ने खालका (शिक्षा रोजगारी संग सम्बन्धित) रणनैतिक | विनियोजन भएको हुनेछ ।<br>४. उपभोक्ता समिति, कार्यदल हरुमा लक्षित वर्गको समानुपातिक सहभागिता भएको हुनेछ ।<br>५. लक्षित वर्गको व्यवहारिक आवश्यकता परिपूर्ती गर्न घरेलु उद्योग बैकल्पिक उर्जा जस्ता कार्यक्रम संचालन गर्ने ।<br>६. लक्षित वर्गको लागि लोकसेवा पुर्वतयारी कक्षा शिक्षा सेवा आयोग सम्बन्धी कक्षा हरु | हरु । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | कार्यक्रम बजेटमा समावेश गर्ने । | संचालन गर्ने रणनैतिक आवश्यकता ) | |
| ३ | लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धता, सन्धि संझौताहरु कार्यान्वयन गरी मूल प्रवाहीकरण गर्ने । | महिला तथा बालबालिका संग सम्बन्धीत सबै अन्तर्राष्ट्रिय सन्धि संझौताहरु, प्रतिवद्धताहरु तथा दीगो विकास लक्षलाई स्थानीयकरण गरी त्यसका सूचकहरु पुरा गर्दै लैजाने । | अन्तर्राष्ट्रिय सन्धि संझौता प्रतिवद्धता तथा दीगो विकास लक्षका बारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै स्थानीयकरण गरी लागू गर्ने । | १.दीगो विकास लक्ष्य का १७ वटा लक्षहरुका स्थानीयकरणका लागि कर्मचारी तथा पदाधिकारिहरु लाई क्षमता विकास गरि परिचालान गर्ने<br>२.बेइजिङ सम्मेलन गरेका १२ प्रतिवद्धताका बारेमा कर्मचारी तथा जनप्रतिनिधिहरु लाई अभिमुखीकरण गरी कार्यान्वयनका लागि योजना तर्जुमा गर्ने<br>३.संयुक्त राष्ट्र संघीय सुरक्षा परिषदको दस्तावेजका प्रस्ताव नं १३२५ र १८२० तथा संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी, १९८९ बारेमा | १. दिगो विकास लक्ष, महिला माथि हुने सवै प्रकारका विभेद विरुद्धको वेइजिङ सम्मेलनका प्रतिवद्धताहरु, संयुक्त राष्ट्र संघीय सुरक्षा परिषद्को दस्तावेज, संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी सम्बन्धी अभिमुखीकरण भएको हुनेछ ।<br>२. अन्तर्राष्ट्रिय सन्धि संझौताको स्थानीयकरण भएको हुनेछ । | १. अन्तराष्ट्रिय सन्धि संझौता अभिमुखीकरणको उपस्थिति तथा माइन्यूट ।<br>२. वार्षिक नीति कार्यक्रम तथा बजेट<br>३. कार्यान्वयन लागि वनेका कार्यविधिहरु<br>४. कार्यपालिका तथा सभाका निर्णयहरु । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | कर्मचारी तथा जनप्रतिनिधिलाई अभिमुखिकरण गरी कार्यान्वयनमा ल्याउने।<br>४.उल्लेखित सवै अभिमुखी करण पश्चात स्थानीयकरण गरी लागु गर्ने<br>५.स्थानीयकरण पश्चात वार्षिक कार्यक्रममा बजेट विनियोजन तथा कार्यान्वयन गर्ने ।<br>६.आवश्यक कानून तथा कार्यविधि तयार गर्ने । | ३. स्थानीयकरण भएका संन्धि संझौता कार्यान्वयन गर्न बजेट विनियोजन भएको हुनेछ । | |
| ४ | नीति, कानून र योजनामा नै महिला तथा लक्षित वर्गको सम्मावेशीता सुनिश्चित गर्ने। | पालिकाले निर्माण गरेका सवै कानून, नीति नियम, निर्देशिका कार्यविधि महिला,बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता, जेष्ठनागरिक, दलित, | संघीय तथा प्रादेशिक कानून कार्यविधि हरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै पालिकाले निर्माण | १.लैससास सम्बन्धी संघीय तथा प्रादेशिक कानूनले व्यवस्था गरे अनूरुपका संस्थागत संरचनाहरु निर्माण गर्ने ।<br>२.कानून कार्यविधिहरु निर्माण गर्दा लैससास दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गर्ने । | १.कानून कार्यविधिले निर्दिष्ट गरेका संस्थागत संरचनाहरु निर्माण भएका हुनेछन ।<br>२. नयाँ वन्ने सवै कानून कार्यविधिहरु लैससास दृष्टिकोणले उपयुक्त भए | १. वार्षिक नीति कार्यक्रम र बजेट पुस्तिका<br>२. कानून विश्लेषणका लागि कार्यदल गठन भएको कार्यपालिकाको बैठक निर्णय पुस्तिका |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | लोपउन्मूख सिमान्तकृत आदिवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने । | गर्ने हरेक ऐन कानून कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका दृष्टिकोणले बञ्चितीकरणमा परेका समुदायको सहभागिता सुनिश्चित गर्ने । | ३.महिला पुरुष तथा रैथाने र आप्रवासी कामदारहरु वीच हुने विभेद अन्त्यका लागि आवश्यक कानूनी व्यवस्था गर्ने<br>४.योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यवहारिक र रणनीतिक आवश्यकता परिपूर्ति गर्ने गरि गर्ने ।<br>५.विगतमा बनेका कानून कार्यविधिहरु लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिकोणले उपयुक्त भए नभएको विश्लेषण गरी आवश्यक संसोधन गर्ने ।<br>६.कानुन कार्यविधिमा तथा विकास प्रकृयामा यौनिक तथा लैङ्गिक अल्पसंख्यक हरुका विषयहरुलाई | नभएको विश्लेषण गरिएको हुनेछ ।<br>३.महिला पुरुष तथा रैथाने र आप्रवासी कामदाहरु विच हुने विभेद अन्त्यका लागि नीति तयार भएको हुनेछ ।<br>४.विगतमा वनेका कार्यविधिहरु आवश्यता अनुसार संशोधन भएका हुनेछन ।<br>५.कानून कार्यविधि तथा विकास क्रियाकलापमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरु समावेश भएका हुनेछन ।<br>६.समानुपातिक नेतृत्व | ३. यौनिक तथा लैङ्गिक अल्पसंख्यकका लागि वनेका शौचालयहरु तथा अन्य संरचनाहरुको स्थलगत अवलोकन । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | समावेश गर्ने । ७.सबै क्षेत्रको नेतृत्व तहमा महिला तथा लक्षित वर्गको समानापातिक सहभागिताका लागि कानुनी व्यवस्था गर्ने । | का लागि कानूनी व्यवस्था भएको हुनेछ । | |
| ५ | संस्थागत व्यवस्था अन्तरगत कार्यप्रणाली, वीत्त व्यवस्थापन एवम तथ्याङ्कमा समेत महिला एवम् लक्षित वर्गको समावेशीतालाई सुनिश्चित गरी आर्थिक रुपमा सशक्तिकरण | १. लक्षित वर्ग विकासका लागि छुट्टै शाखा स्थापना गरी महिला बालबालिका तथा जेष्ठनगारिकहरुको सवाललाई प्रत्यक्ष रुपमा संवोधन गर्दै लैजाने । २. वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण | क.महिला, गरीब र बहिष्करणमा परेका समुदाय ले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत व्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, बजेट, पहुचयुक्त अवसर , सेवामूलक कार्य, अनुगमन, | १.संस्थागत जिम्मेवारी दिदा तथा शाखा व्यवस्थापन गर्दा प्रमुखको रुपमा महिला लाई प्राथमिकता दिने । २. लक्षित वर्गको लागि महिला जनजाती तथा जेष्ठ नागरिक जनप्रतिनिधि समावेश गरी विशेष सेवा प्रदायक कार्यदल गठन गर्ने । ३.महिला पुरुष समविकास कार्यनीति निर्माण गरी कार्यान्वयन गर्ने ४.कार्यक्षेत्रमा हुने यौन दुर्व्यवहार, जातीय भेदभाव | १. शाखा प्रमुखमा महिला तथा लक्षित वर्गको प्रतिनिधित्व भएको हुनेछ । २. लक्षित वर्गको लागि विशेष सेवा प्रदायक कार्यदल गठन भएको हुनेछ । ३. महिला पुरुष समविकास कार्यनीति तयार भएको हुनेछ ४. यौन दुर्व्यवहार जातीय भेवभाव तथा महिला हिंसा | १. कार्यपालिकाका निर्णय पुस्तिका २. विशेष सेवा प्रदायक कार्यदलको बैठकको निर्णय प्रतिलिपि ३. महिला पुरुष समविकास कार्यनीति ४. महिला बालबालिका शाखाको प्रत्यक्ष अवलोकन ५. ब्रुसर रेडियो |



सचि. आइते

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गर्ने | महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरी महिला पुरुष समविकासलाई वढावा दिने ।<br>३. लक्षित वर्ग पहिचान हुने गरि खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरि त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने । | मूल्यांकन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत सवाल र समस्याको सम्बोधन गरि विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।<br>ख.विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरी योजना तर्जुमा, बजेट विनियोजन उपभोक्ता समूह गठन तथा त्यसको नेतृत्व, परिचालन, अनुगमन मूल्याङ्कन लाई लैससास | तथा महिला हिंसाका नियन्त्रण गर्न विशेष आचार संहिता निर्माण गरी लागू गर्ने<br>५.आदिवासी जनजाती दलित लगायत अन्य लक्षित समूहका महिलाको सशक्तिकरणका लागि बजेट विनियोजन गर्ने साथै कार्यान्वयनका लागि आवश्यक कार्यविधि वनाउने<br>६.महिला बालबालिका शाखामा लैङ्गिक डेक्स र आवश्यक जनशक्ति व्यवस्थापन गर्ने<br>७.लैससास सम्बन्धी सूचना एवम् सचेतनामूल सामाग्रीहरु तयारी तथा प्रकाशन प्रशारण गर्ने ।<br>८.उपभोक्ता समिति गठन तथा परिचानल गर्दा महिला तथा यौनिक एवम लैङ्गिक अल्प | नियन्त्रण गर्न आचार संहिता निर्माण भएको हुनेछ ।<br>५. महिला बालबालिका शाखामा जनशक्ति सहित लैङ्गिक डेस्क स्थापना भएको हुनेछ ।<br>६. लैससास सम्बन्धी सचेतना मुलक ब्रसर तथा रेडियो टेलिभिजन कार्यक्रम संचालन भएको हुनेछ । | टेलिभिजन कार्यक्रमका अडियो भिडियो सामग्रिहरु । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | मैत्री वनाउँदै लैजाने । | संख्यकहरुको सहभागितालाई अनिवार्य गर्ने । | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | मानव संसाधन तथा क्षमता विकासमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरी जीविकोपार्जनमा आत्मनिर्भर वनाउदै लैजाने। | १. मानव संसाधन विकास शाखा स्थापना गरि महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथमिकतमा राखेर कार्यान्वयन गर्दै लैजाने ।<br>२. निर्माण भएका संघीय तथा स्थानीय कानून कार्यविधिहरु वारेमा कर्मचारी हरुलाई अद्यावधिक गर्दै लैजाने । | लक्षित वर्गको क्षमता अभिवृद्धि संगै सीप विकास गरेर आर्थिक गतिविधिहरुमा समावेस गरेर आत्म निर्भर वनाउने | १. लैससास क्षमता विकासका लागि बजेट विनियोजन गर्ने<br>२. लैससास बजेट खर्च कार्यविधि तयार गर्ने<br>३. पालिकाले आयोजना गर्ने प्रत्येक तालिममा लैङ्गिक समानता सामाजिक समावेशीकरण विषयलाई अकाट्य सवाल को रुपमा राख्ने नीति वनाउने ।<br>४. मानव संसाधन तथा क्षमता विकास शाखा स्थापना गर्ने ।<br>५. लैङ्गिक हिंसा निवारण कार्य विधि वनाउने ।<br>६. कार्यस्थल तथा सार्वजानिक स्थलमा महिला किशोरी तथा बालबालिका माथि हुने यौन जन्य दुर्व्यवहार विरुद्ध विधमान कानुनी व्यवस्थाको प्रचार प्रसा गर्ने । | १. वार्षिक वजेटमा लैससास क्षमता विकासका लागि बजेट विनियोजन भएको हुनेछ ।<br>२. मानव संसाधन तथा क्षमता विकास शाखाको स्थापना भएको हुनेछ ।<br>३. लैङ्गिक हिंसा निवारण कार्यविधि निर्माण भएको हुनेछ<br>४. कार्यस्थलमा महिला तथा किशोरी माथि हुने यौन दुर्व्यहारमा कमी आएको हुनेछ । | १. वार्षिक नीति कार्यक्रम तथा बजेट<br>२. लैङ्गिक हिंसा निवारण कार्यविधि<br>३. कार्यस्थलमा महिला तथा किशोरी माथि हुने दुर्व्यवहारमा विरुद्ध निर्णय भएका माइन्यूटहरु<br>४. प्रत्यक्ष अवलोकन |



सीता

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | अनौपचारिक मूल्य मान्यता कु संस्कार विरुद्ध जनचेतना वृद्धि गरी सामाजिक दृष्टिकोण परिवर्तन गर्दै लैङ्गिक तथा सामाजिक समावेशीतामा आधारित समाज स्थापना गर्ने। | सामाजिक कुरीतिहरुका विरुद्ध सचेतना लाई सामाजिक विकासका हरेक कृयाकलापमा समावेश गरी छलफल गर्ने । | समाजमा विद्यमान कुरीतिहरु अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल (Cross cutting issue) को रुपमा छलफल गर्दै लैजाने । | १. लैङ्गिक हिंसा विरुद्ध शुन्य सहनशीलता लिइ यसमा कर्मचारी तथा जनप्रतिनिधिहरु लाई पुरस्कार तथा दण्डको व्यवस्था गर्ने ।<br>२. हिंसा प्रभावित बेचविखनमा परेका महिला तथा यौनिक र लैङ्गिक अल्पसंख्यकहरुका लागि सेवा केन्द्र स्थापना गर्ने<br>३. सचेतनामुलक कार्यक्रमलाई रेडियो टिभि पत्रपत्रिका मार्फत नियमित रुपमा प्रचार प्रसार गर्ने<br>४. लैङ्गिक हिंसा निवारण आचारसंहिता निर्माण गरी त्यसको पालना गर्ने ।<br>५. अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्ने ।<br>६. सवै वडामा महिला कानूनी सचेतना कक्षाहरु संचालन गर्ने<br>७. सामाजिक कुरीति विरुद्ध भिडियोहरु वनाउने सडक नाटक प्रस्तुत गर्ने । | १. सामाजिक कुरीतिहरुका विरुद्ध श्रव्य दृष्य सामाग्री निर्माण भएको हुनेछ<br>२. हिंसा प्रभावित महिला तथा यौनिक अल्पसंख्यकहरुका लागि सेवाकेन्द्र स्थापना भएको हुनेछ ।<br>३. अन्तरजातीय विवाह गर्ने जोडीहरु सम्मानित भएका हुनेछन ।<br>४. वडास्तरमा महिला हिंसा विरुद्ध निर्माण भएका सचेतना कार्यक्रम संचालन भएको हुनेछन । | १. वार्षिक बजेट तथा नीति कार्यक्रम .<br>२. श्रव्य दृष्य सामाग्री हरु<br>३. सामाजिक संजाल मा गरिएका पोष्टहरु<br>४. अन्तरजातीय विवाह गर्ने जोडी सम्मान कार्यक्रमको अभिलेख<br>५. प्रत्यक्ष अवलोकन (सेवा केन्द्र ) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाइ संग सम्बन्धित सेवा प्रवाहमा लैससासलाई प्राथमितामा राखे र प्रत्येक चरणमा लैससास दृष्टिकोणवाट अनुगमन मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने । | शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाई जस्ता समाजिक विकासका क्षेत्रहरुमा लैससास सग सम्बन्धित सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने | प्रत्येक चरणमा गरिने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोण वाट गर्ने पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सूचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने । | १. आफ्नै घरवाट निरक्षर महिलाहरुलाई साक्षर वनाउने कार्यक्रम संचालन गर्ने ।<br>२. शिक्षण अभ्यास संगै निश्चित निरक्षरलाई साक्षर वनाउने शैक्षिक नीति अवलम्वन गर्ने ।<br>३. यौनिक अल्पसंख्यक हरुका लागि विद्यालयमा शौचालय वैकल्पिक व्यावस्थापन गर्ने र अव वन्ने शौचालयमा सवैलाइ पुग्ने गरी निर्माण गर्ने<br>४. स्वरोजगार वन्न चहाने र वैदेशिक रोजगारीमा जान खोज्नेको सूचना संकलन गरी आवश्यक तालीम प्रदान गर्ने । आवश्यकता अनुसार बजेट विनियोजन गर्ने<br>५. आवश्यक वजेट विनियोजन गरी विपन्न परिवार स्वास्थ्य वीमा कार्यक्रम सुरु गर्ने<br>६. अव उप्रान्त वन्ने सवै सार्वजानिक भवनहरुमा स्तनपान | १. संभावना रहेका सवै निरक्षरहरु साक्षार भएका हुनेछन्।<br>२. यौनिक अल्पसंख्यकहरुका लागि विद्यालयमा वैकल्पि शैचालयको व्यवस्था भएको हुनेछ ।<br>३. वैदेशिक रोजगारीमा जाने तथा स्वरोजगार वन्न चाहाने युवाहरुका लागि सीप विंकास तालिम संचालन भएको हुनेछ । | १. वार्षिक प्रगति प्रतिवेदन,<br>२. तालिम सम्पन्न प्रतिवेदन<br>३. कार्यपालिका निर्णयहरु<br>४. सभाका निर्णयहरु<br>५. अनुमगन मूल्याङ्कन फारमहरु । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | कक्ष सहित ड्रइङ डिजाइन गर्ने र कार्यान्वयन गर्ने<br>७. जोखिमयुक्त काम गरेर जीवन निर्वाह गर्नु पर्ने गर्भवती महिलाहरुको लागि राहात प्याकेज ल्याउने।<br>८. हरेक ६ महिनामा सार्वजनिक सुनुवाइ वार्षिक रुपम समाजिक परीक्षण र नियमित रुपमा सार्वजनिक परीक्षण गर्ने।<br>९. हरेक अनुगमनमा लैससास दृष्टिकोणवाट गर्ने गरी फारमहरु तयार गरी कार्यान्वयन गर्ने । | | |

सीता

## १०. वित्त व्यवस्थापन

माथि उल्लेखित रणनैतिक कृयाकलापहरु संचालन गर्नका लागि वित्तको आवश्यकता पर्छ नै तथापि यसमा अतिरिक्त वाह्य श्रोत प्राप्त भएमा मात्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुल प्रवाहीकरण को कार्य गर्ने नत्र नगर्ने हुन सक्दैन । यसका लागि हाल संचालन भइरहेको बजेट नीति तथा कार्यक्रमहरुलाई कसरी लैससास मैत्री वनाउन सकिन्छ भन्ने कुरा महत्वपूर्ण रहन्छ । लैससास मुल प्रवाहीकरणका लागि निम्नानुसार वित्त व्यवस्थापन गरिनेछः

क. लक्षित विकास कार्यक्रमका लागि निश्चित प्रतिशत निर्दिष्ट वजेट विनियोजन गर्ने ।

ख. भौतिक पूर्वाधार निर्माणका कार्यक्रमहरुमा कामको विभाजन गरि योग्यता अनुसारको काम सवै लक्षित वर्गले गर्न पाउने गरि नीतिगत व्यवस्था गर्ने ।

ग. लैङ्गिक उत्तरदायी वजेट कार्यान्वयन गरि महिला सहभागिता अभिवृद्धि गर्ने ।

घ. स्थानीय तहमा कार्यरत विकास साझेदारहरुलाई वार्षिक कार्यक्रम तयार गरी स्थानीय तहसँग सहकार्य गर्न निर्देशन दिने।

ङ. स्थानीय तहको सिफारिसमा सहुलियत दरको ऋण उपलव्ध गराइ वित्तीय सहयोग पुर्याउन बैक तथा वित्तीय संघ संस्थाहरु संग समन्वय गर्ने ।

च. संघीय तथा प्रादेशिक मन्त्रालयहरुमा लक्षित विकास कार्यक्रम अन्तरगत विनियोजित बजेटले तय गरेका विषयगत क्षेत्रहरुमा अध्ययन गरी आवश्य परियोजना प्रस्तावना तयार गरेर अधितकतम श्रोत भित्र्याउन आवश्यक जनशक्ति परिचालन गर्न ।

छ. सरकारी तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्था तथा दातृ निकायहरुमा समन्वय गरी थप बजेट व्यवस्थापन गर्ने ।

## ११. कानूनी व्यवस्था

लैससास रणनीति कार्यान्वयनमा ल्याउनका लागि कार्यपालिकाको बैठकले अनुमोदन गर्नु पर्दछ । यो रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली तथा कार्यविधि पालिकाले ६ महिना भित्रमा तर्जुमा गरि कार्ययोजनाका साथ कार्यान्वयनमा, लैजानेछ । तर कार्यपालिकाले पास गरी सकेपछि कानून कार्यविधिहरुको आवश्यकता नपर्ने खालका प्रावधानहरु भने स्वत: कार्यान्वयन मा आउने छन ।

## १२. रणनीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व

लैससास रणनीति कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहका प्रमुखको संयोजकत्वमा गठित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको हुनेछ (लैससास परीक्षण दिगदर्शन २०७८ ले व्यवस्था गरेको ) भने सवै शाखा तथा वडा कार्यालयहरुले सवै कृयाकलापमा यो रणनीति अनुसार कार्य सम्पादनको दायित्व निर्वाह गर्नु पर्ने हुन्छ । योजना तर्जुमा तथा बजेट निर्धारणको समयमा रणनीतिमा उल्लेख भएका कृयाकलापहरु समावेश भए नभएको हेर्ने जिम्मेवारी अनुगमन समितिका प्रमुख एवम् उपप्रमुख/ उपाध्यक्षको हुनेछ भने आवश्यकत अनुसार विषय विज्ञहरु राखेर अल्पकालीन समिति निर्माण गरि रणनीति कार्यान्वयनमा छुटेका विषयहरु पहिचान गर्न सकिनेछ ।यो स्थानीय तहमा कार्यरत सवै संघ संस्था तथा विकास साझेदारहरुले लैससास रणनीति कार्यान्वयनमा जिम्मेवारी वहन गर्नुपर्नेछ ।रणनैतिक कृयाकलापका [illegible] सवै सरोकारवाला निकायहरुलाई अभिमुखीकरण गरि वार्षिक प्रगति प्रतिवेदनमा लैसाससको अवस्था प्रस्ट हुने गरि पेश गर्ने व्यवस्था मिलाउने ।

## १३. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था

क. रणनीति कार्यान्वयनको सम्वन्ध भनेको मुख्य रुपमा लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण रहन्छ । लैससास परीक्षण दिगदर्शनले निर्दिष्ट गरेका १०० सूचकहरुको आधारमा रणनीति कार्यान्वयन भए नभएको अनुगमन गरिनेछ ।

ख. स्थानीय तह भित्र कार्यरत सवै संघ संस्था तथा विकास साझेदारहरुलाई वार्षिक रुपमा कार्यक्रमको समीक्षा गर्दा लैससास को दृष्टिकोणले समेत गरेर प्राप्त उपलब्धि र समस्याहरुको पहिचान सहितको प्रतिवेदन पेश गर्ने नीति अवलम्वन गर्ने ।

ग. स्थानीय तहमा कार्यरत विभिन्न सरोकारवाला संघसंस्थाहरूको प्रतिनिधित्वंमा सामाजिक विकास महाशाखा अन्तर्गत लैससास अनुगमन संयन्त्रको स्थापना गर्ने ।जसले रणनीतिमा उल्लेख गरिएका कृयाकलापहरु पालिकाको वार्षिक कार्यक्रममा समावेश भए नभएको एकीन गर्ने र सम्बन्धित पक्षलाई सुझाव प्रदान गर्ने । वार्षिक कार्यक्रममा समावेश भएका कृयाकलापहरु कार्यान्वन कसरी भइरहेको छ सो को समेत अनुगमन गरि प्रमुख प्रशासकीय अधिकृत मार्फत प्रतिवेदन पेश गर्ने ।

## १४. संभाव्य जोखीम र न्यूनीकरणका उपायहरु

### १४.१ संभाव्य जोखीम

लैससास रणनीति कार्यान्वयनमा निम्नानुसार जोखिमहरु आउन सक्ने अवस्था छ ।

क. लैससासका बिषयमा भ्रम भइ लैङ्गिक समानता रणनीतिले महिला तथा बालिकालाई मात्र प्राथमिकतामा राख्छ भन्ने बुझाईका कारण रणनीति कार्यान्वयनमा गतिरोध उत्पन्न हुन सक्छ/ पर्याप्त ध्यान नजान सक्छ।

ख. सार्वजनिक तथा निजी क्षेत्रका सबै संरचनाहरूमा लक्षित वर्गको समानुपातिक सहभागिता नहुँदा लैगिंक समानता रणनीतिको कार्यान्वयन तथा अनुगमन सही ढंगबाट नहुन सक्छ ।

ग. भौतिक रुपमा देखिने बिकास कार्यमा मात्र ध्यान जाने र लैससास बहुपक्षीय सरोकार राख्ने विषय भएकोले समन्वय र सहयोगमा समास्या हुनसक्छ।

घ. लैससास रणनीति कार्यान्वयनमा आवश्यक क्षमतायुक्त र दक्ष जनशक्ति र श्रोत साधनको सिमितता हुनसक्छ ।

ङ. विषयगत शाखा तथा अन्य सरोकारवालाहरु वीच लैससास रणनीति कार्यान्वयन अन्यौल विविधता तथा दोहोरोपना हुनसक्त ।

### १४.२ जोखीम न्यूनीकरणका उपायहरु

क. तयार पारिएको लैससास नीति बारे सबै सरोकार पक्षसंग अभिमुखीकरण गर्ने.

ख. लैगिंक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि नेतृत्व तथा सरोकारवालाहरुको साझा बुझाईमा एकरूपता ल्याउन तालिम, गोष्ठी तथा छलफलको आयोजना गर्ने ।

ग. बहुपक्षीय सरोकारवालाहरु संगको समन्वय तथा सहकार्य बढाउने ।

घ. स्थानीय तहका हरेक वैठकमा लैगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यहरुको समीक्षा गर्ने ।

ङ. विषय विज्ञहरु संग नियमित परामर्श गर्ने ।

आइती

## १५. निष्कर्ष

लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको लागि संघीय तथा प्रदेश स्तरमा वनेका नीति तथा रणनीतिहरुलाई कार्यान्वयन गर्न र अन्तर्राष्ट्रिय स्तरमा भएका सन्धी संझौता एवम् प्रतिवद्धताहरुलाई स्थानीयकरण गरी वार्षिक नीति र कार्यक्रममा समाविष्ट गर्दै लैजान आवश्यक छ । नीतिहरु वन्ने तर कार्यान्वयन नहुने कुरा हालको प्रमुख चुनौतीको रुपमा देखा परेको छ त्यसैले अनुगमन मूल्याङ्कनको क्षेत्रमा व्यापक सुधार गरी हरेक कृयाकलापलाई लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको नजरले मूल्याङ्कन गर्ने परिपाटी विकास गर्दै लैजान पर्दछ । प्रदेश सुशासन केन्द्रले कम्तिमा १ कार्यकाल कार्यान्वयनमा निगरानि र सहजीकरण गर्न प्रयास गरोस र प्रत्येक पालिकामा कार्यन्वयन सहजकर्ता तोकी निश्चित समय सम्म लक्षित वर्गलाई न्यायोचित अवसर दिदै लैजाने हो भने चाडै नै लक्षमा पुग्न सकिन्छ ।

आइती